# **खाँडाचक्र नगरपालिकाको आर्थिक ऐन**

खाँडाचक्र नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यसको ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

२. सम्पति करः खाँडाचक्र नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर वा सम्पत्ति कर लगाइने र असूल उपर गरिने छ।

३. भूमि कर (मालपोत): खाँडाचक्र नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुलउपर गरिनेछ। तर एकिकृत सम्पत्ति कर लगाएको भूमिमा यो कर लगाइने छैन।

४. घर जग्गा वहाल करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आँशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. सवारी साधन करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. विज्ञापन करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा तोकिए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. मनोरन्जन करः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. बहाल बिटौरी शुल्कः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा तोकिए बमोजिमको बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. पार्किङ शुल्कः खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः खाँडाचक्र नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि (९) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन शुल्कः खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्बन्धि अन्य कार्य विधि खाँडाचक्र नगरपालिकाले वनाई लागू गर्न सक्नेछ ।

## अनुसूचि १

### क. एकिकृत सम्पत्ति कर

| करयोग्य एकिकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| रु५०००००।- सम्मको मूल्यांकनमा | एकमुष्ठ रु१००।- |
| रु५०००००।- माथिको करयोग्य एकिकृत सम्पत्तिको मूल्य | करयोग्य कुल रकमको ०.०२ प्रतिशत (उदाहरण एकिकृत सम्पत्तिको मूल्य रु६,००,०००।- भएमा सो मूल्यको ०.०२ प्रतिशतले हुन आउने वार्षिक कर रु१२०।- |

### ख. सम्पत्ति कर

| सि.नं. | शिर्षक | करको दर (प्रति वर्ग फिट) | कैफियत |
|---|---|---|---|
| १ | पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर | प्रति वर्ग फिट ५० पैसा | |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - र टिन ढुङ्गाको छाना | रु२००। | |
| ३ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/ढुङ्गाको छाना | रु१५०। | |
| ४ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - र खर छाना कच्ची घर, गोठ छाप्रो समेत | रु१००। | |

अनुसूचि २

भूमि कर (मालपोत)

| क.स. | जग्गा विवरण | करको दर |
|---|---|---|
| १ | मालपोत कर पाखो | रु १० |
| २ | मालपोत कर खेत | रु२० |

अनुसूचि ३

घर जग्गा वहाल कर

| विवरण | करको दर |
|---|---|
| वहाल वाट प्राप्त कुल आम्दानीको | १० प्रतिशत |

अनुसूचि ४

**व्यवसाय कर**

**१ व्यापारिक कर**

**१.१ चुरोट, रक्सी थोक तथा खुद्रा व्यापार**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | ३,००,०००। सम्म | १,०००। |
| ख | १०,००,०००। सम्म | ३,०००। |
| ग | १०,००,०००। भन्दा माथी | ५,०००। |

**१.२ ज्वेलरी, भिडीयो,क्यासेट,रिकर्डर तथा प्यलेर, आदीको थोक तथा खुद्रा व्यापार**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | ३,००,००० सम्म | १,०००। |
| ख | ३,००,००० भन्दा माथी | १,५००। |

**१.३ निमार्ण सामाग्री तथा थोक तथा खुद्रा व्यापार**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | १०,००,०००। सम्म | २,०००। |
| ख | १०,००,०००। भन्दा माथी | ५,०००। |

**१.४ कम्प्युटर, विधुतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको थोक तथा खुद्रा व्यापार**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | ३,००,००० सम्म | १,०००। |
| ख | ३,००,००० भन्दा माथी | १,५००। |

**१.५ दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार तथा पर्यटन, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्याडिङ, व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्स, पोलो, अब्बारोहण आदी उद्योग व्यबसाय ।**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | १,००,००० सम्म | ५००। |
| ख | ३,००,००० सम्म | १,०००। |
| ग | १०,००,००० सम्म | १,५००। |
| घ | १०,००,००० भन्दा माथी | २,०००। |

**१.६ सुती, कपडा, आदीको थोक तथा खुद्रा व्यापार**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | ३,००,००० सम्म | १,०००। |
| ख | १०,००,००० सम्म | १,५००। |
| ग | १०,००,००० भन्दा माथी | २,०००। |

**१.७ सवारी साधन विक्रेता**

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | १०,००,००० सम्म | २,०००। |
| ख | १०,००,००० भन्दा माथी | ५,०००। |

## २ निमार्ण व्यबसाय

नगरपालिकामा प्रधान कार्यलय भएको निर्माण व्यबसाय

| वर्ग | वार्षिक कर | इजाजत पत्र | जरिवाना म्याद नाघेमा | इजाजत पत्र प्रतिलिपि |
|---|---|---|---|---|
| क | १०,००० | - | - | - |
| ख | ५,००० | - | - | - |
| ग | ४,००० | - | - | - |
| घ | २,५०० | २५०० | २५०० | ५०० |

## ३ विशेषज्ञ परामर्श तथा अन्य व्यापारिक सेवा

| व्यापारिक वस्तु | करको दर | कैफियत |
|---|---|---|
| १ चिकित्सक | ५००। | |
| २ कविराज | ५००। | |
| ३ इन्जीनियर | ५००। | |
| ४ कानुन व्यवसायी | ५००। | |
| ५ लेखा परिक्षक | ५००। | |
| ६ दन्त चिकित्सक | ५००। | |
| ७ अनुसन्धान कर्ता तथा परामर्श दाता | ५००। | |
| ८ कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ५००। | |
| ९ वीमा एजेन्ट | ५००। | |
| १० सर्भेयर | ५००। | |
| ११ अनुवादक | ५००। | |
| १२ पसु चिकीत्सक | ५००। | |
| १३ शेयर दलाल | ५००। | |
| १४ सामान ढुवानी कर्ता तथा कम्पनी | १०००। | |
| १५ संस्थागत पेन्टर | १,०००। | |

## ४. उत्पादन मुलुक उद्योग

कोरामाल वा अर्धप्रसोधित माल वा खेर भईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रसोधन गरि माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय

| वर्ग | पुंजी | कर |
|---|---|---|
| क | १०,००,००० सम्म | ५००। |
| ख | १०,००,००० भन्दा माथी | १,०००। |

## ५. उर्जामल उद्योग

जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास, तथा अन्य स्रोतअरु बाट उर्जा पैदा गर्ने उद्योग व्यबसाय ।

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | १०,००,००० सम्म | १,०००। |
| ख | १०,००,००० भन्दा माथी | २,०००। |

### ६. कृषि तथा वन्यजन्य उद्योग (मुलत कृषि वा वन पैदावरमा आधारित) ।

| वर्ग | पुंजी(रु) | कर(रु) |
| --- | --- | --- |
| क | १०,००,००० सम्म | १,०००। |
| ख | १०,००,००० भन्दा माथी | २,०००। |

### ७. खनिज उद्योग

| विवरण | करको दर(रु) |
| --- | --- |
| खनिज उत्खलन वा प्रसोधन गर्ने उद्योग व्यवसाय | १५००। |

### ९. सेवा उद्योग

छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार आदी उद्योग व्यवसाय ।

| वर्ग | पुंजी | कर |
| --- | --- | --- |
| क | ३,००,००० सम्म | १,०००। |
| ख | १०,००,००० सम्म | २,०००। |
| ग | १०,००,००० भन्दा माथी | ५,०००। |

### ९. निर्माण उद्योग

सडक, पुल, रोपवे, रेलवे, ट्रलीबस, टनेल, फ्याइङ वृज तथा औधोगीक, व्यापारिक एवं आवास कम्प्लेक्स आदी निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसाय ।

| वर्ग | पुंजी | कर |
| --- | --- | --- |
| क | ३,००,००० सम्म | ५०० |
| ख | १०,००,००० सम्म | १,००० |
| ग | १०,००,००० भन्दा माथी | २,००० |

### १०. सञ्चार सेवा-

| सि.न. | व्यबसाय | कर |
| --- | --- | --- |
| १ | निजि क्षेत्रको हुलाक सेवा करियर | ५०० |
| २ | निजि क्षेत्रका टेलिफोन, फ्याक्स सेवा, फोटोकपी, मोबाईल, फोन, आईएसडी, एसटीडी, इमेल, इन्टरनेट, रेडीयो पेजिङ आदी | ५०० |
| ३ | कुरियर सेवा ट्रान्सपेट | ५०० |
| ४ | छपाइ तथा प्रकाशन | ५०० |

## ११. वित्तिय सेवा-

| सि.न. | व्यबसाय | कर |
|---|---|---|
| १ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | ५,००० |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५,००० |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | १,००० |
| ४ | विमा कम्पनी | ५,००० |
| ५ | विदेसी मुद्रा सटही | १,००० |
| ६ | धितोपत्र कारोबार | १,००० |
| ७ | सहकारी बैंक/सहकारी संस्था | १,००० |

## १२. स्वास्थ्य सेवा-

| सि.न. | व्यबसाय | कर |
|---|---|---|
| १ | गैर सरकारी अस्पताल | २,५००। |
| २ | नर्सिङ होम | ५,०००। |
| ३ | ल्किनिक तथा ल्याप | २,०००। |

## १३. मर्मत सम्भार सेवा-

| सि.न. | व्यबसाय | कर |
|---|---|---|
| १ | क) साईकल, रिक्सा | १०० |
| | ख) मोटर साईकल, टेम्पो, कार | ५०० |
| | ग) बस, ट्रक, ह्यावि सवारी साधन | १,००० |
| २ | रेडियो, टि.भि., घडि, प्रेशरकुकर, हिटर, टेलिफोन सेट, विधुत सामाग्री मर्मत केन्द्र | ५०० |

## १४ अन्य माथि नखुलेका सेवा तथा आम्दामी मूलक पेशा तथा व्यवसाय

| वर्ग | पुंजी(रु) | कर(रु) |
|---|---|---|
| क | १,००,००० सम्म | ५००। |
| ख | ३,००,००० सम्म | १,०००। |
| ग | १०,००,००० सम्म | १,५००। |
| घ | १०,००,००० भन्दा माथी | २,०००। |

## अनुसुची ५
## जडिबुटी, कवाडी र जिवजन्तु कर-

| सि.न. | विवरण | इकाइ | दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | गुच्ची च्याउ | प्रति के.जि. | २०० | |
| २ | चिराइतो | प्रति के.जि. | १० | |
| ३ | बोजो | प्रति के.जि. | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | चुक आक्चे पदमचाल | प्रति के.जि. | ३ | |
| ५ | अतिस | प्रति के.जि. | १० | |
| ६ | विस जरा | प्रति के.जि. | ६ | |
| ७ | सुगन्धवाल | प्रति के.जि. | ६ | |
| ८ | तारेचुक, डालेचुक | प्रति के.जि. | ३ | |
| ९ | जटामसि जरा | प्रति के.जि. | १० | |
| १० | कुट्की | प्रति के.जि. | १० | |
| ११ | सिलाजित | प्रति के.जि. | १२ | |
| १२ | काला दाना | प्रति के.जि. | ३ | |
| १३ | कुरिलो | प्रति के.जि. | ६ | |
| १४ | यार्सागुम्बा | प्रति के.जि. | ५,००० | |
| १५ | लौड सल्ला | प्रति के.जि. | ५ | |
| १६ | सतुवा | प्रति के.जि. | १० | |
| १७ | पाखनभेद | प्रति के.जि. | ३ | |
| १८ | सेतो चिनी | प्रति के.जि. | ५ | |
| १९ | धुपिपातको तेल | प्रति के.जि. | २,००० | |
| २० | साधारण च्याउ | प्रति के.जि. | १०० | |
| २१ | बन लसुन | प्रति के.जि. | २५ | |

अनुसुची ६

सवारी साधन कर

| क्र.स. | सवारी साधन | कर दर(रु) | कैफियत |
|---|---|---|---|
| १ | बस/ट्रक/ट्याक्टर/लरी तथा अन्य हेभी गाडी | १००० | |
| २ | भाडाका कार जिप | १००० | |
| ३ | भाडाका जिप बस | १००० | |
| ४ | भाडाको ट्याम्पो/रिक्सा | ५०० | |
| ५ | भाडाको मिनिबस | १००० | |
| ६ | निजि कार टेम्पो मिनिबस | ५०० | |
| ७ | स्कुटर मोटर साईकल | ५०० | |
| ८ | ठेलागाडा तथा रिक्सा | १०० | |

**खाडाँचक्र नगरपालिका क्षेत्र भित्र काठ, ढुङ्गा, गिट्टी वालुवा, माटो उत्खलन गरे बापतको कर**

| क्र.स. | विवरण | प्रति पटक | | | |
|---|---|---|---|---|---|
| | | ढुङगा | बालुवा | गिट्टी | माटो |
| १ | प्रति टिप ट्रक बाट | ३०० | ३०० | ३०० | १५० |
| २ | प्रति टिप सानो ट्रक बाट | २५० | २५० | २५० | १०० |
| ३ | प्रति टिप सानो ट्याक्टर बाट | २०० | २०० | २०० | ५० |

**अनुसुची ७**

**मजोरञ्जन कर-**

(१) जादु, सर्कस, चकट, सिनेमाहल, भिडीयोहल, सास्कृतिक प्रदर्शनहल, थियटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासीक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्कमा पाचँ प्रतिशत

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदामा प्रबेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण वमोजिम शुल्क लिन पाईने छैन ।

**अनुसुची ८**

पार्किङ्ग शुल्क

| क्र.स. | साधन | रुपैयाँ | कैफियत |
|---|---|---|---|
| १ | वस/ट्रक | ५० | |
| २ | ट्याक्टर/जिप | ३० | |
| ३ | मोटर साईकल | २० | |

**अनुसुची ९**

**सेवा, शुल्क र दस्तुर**

| क्र.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | नक्सा पास किताव | रु ५०० | |
| २ | नक्सा पास प्रति वर्ग फिट | रु ५ | |
| ३ | घर निर्माण सम्पन्न सिफारिस | रु५००। | |
| ४ | मुहान दर्ता सिफारिस | २,५०० | |
| ५ | धारा, विजुली जडान सिफारिस | १०० | |
| ६ | घटना दर्ता (पैतिस दिन पछी) | ५०। | |
| ७ | सस्था ,समिती तथा समुह दर्ता/ दर्ताको लागि सिफारिस | २,०००। | महीलालाई ५० प्रतिशत छुट |
| ८ | सस्था ,समिती तथा समुह नवीकरण/नवीकरण गर्न सिफारिस | १०००। | |
| ९ | योजना खाता सञ्चालन सिफारिस रु ५ लाख सम्म | ५००। | |
| १० | योजना खाता सञ्चालन सिफारिस रु ५ लाख भन्दा माथी | १०००। | |
| ११ | फोहोर मैला व्यबस्थापन शुल्क (मासिक) | १०० | |
| १२ | मालपोत रसिद प्रतिलिपि | ५० | |
| १३ | खानी दर्ता सिफारिस | ५,००० | |
| १४ | पेट्रोल पम्प खोल्ने सिफारीस | १०,०००। | |
| १५ | राहदानी सिफारिस | ५००। | |
| १६ | आयश्रोत प्रमाणित (कुल मूल्याङ्कन भएको आयश्रोतको) | ०.०२ प्रतिशत | |
| १७ | अन्य साधारण सिफारिस | १००। | |
| १८ | अंग्रजीमा सिफारिस(प्रति सिफारिस) | रु२००। | |
| १९ | चार किल्ला प्रमाणित | रु ३००। | |